# सिद्धार्थनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
५, नं. प्रदेश, नेपाल

प.सं. प्रशासन/२०७५।०७६ मिति : २०७५।१०।१६
च.नं. १५६०

श्री सिन्धुली शाखा
......................................
सि.न.पा.का.

**विषय : बोर्ड बैठकको निर्णय उतार सम्बन्धमा ।**

प्रस्तुत विषय सम्वन्धमा सि.न.पा.का नगर प्रमुख श्रीमान् हरि प्रसाद अधिकारी ज्युको अध्यक्षतामा मिति २०७५।१०।१३ गते बसेको बोर्ड बैठकको निर्णयको फोटोकपि आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

७५।१०।१६
विवेक खनाल
वरिष्ट अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

Scanned by CamScanner

निर्णय नं. १

मिति २०७५।०६।२१ गते बसेको नगर शिक्षा समितिको सिफारिस तथा शिक्षा विकास तथा समन्वय ईकाई रुपन्देहीको मिति २०७५।१०।७ च.न. १२४५ को पत्रानुसार श्री ब्राईट स्टार इङ्गलिस वोर्डिङ स्कुल सि.न.पा. ३ लाई कक्षा ९ को थप कक्षा संचालन गर्न अनुमती दिने निर्णय गरियो ।

निर्णय नं. २

सि.न.पा. ५ स्थित हाटवजारमा निर्माण हुने बहु क्षेत्रीय कृषि सामुदायीक भवन निर्माण कार्य ३ (तीन) बर्षमा सम्पन्न हुने गरी बढिमा करिव रु.१५,६७,०००००।- (पन्ध्र करोढ सढसठ्ठी लाख) सम्मको ल.ई. र डिजाईन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

सि.न.पा. वडा नं. १ स्थित डण्डा नदी नजिक निर्माणाधिन पर्यटकिय गेट, वडा.नं. ५ स्थित हाटबजारमा निर्माण हुने कृषि बहुउदेश्यि सामुदायिक भवन, तथा सि.न.पा.३ मा निर्माण हुने दरखसवा पार्कलाई बहुवर्षिय आयोजना बमोजिम निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त कर्मचारी दरबन्दी तेरिज र संगठन संरचनामा कर्मचारी विवरण फरक देखिएको हुँदा प्राप्त संगठन संरचना अनुसार नै दरवन्दी तेरिजमा संसोधन गरी दिनुका साथै हाल चौथो तहमा कार्यरत अमिन-१ र सहायक कम्पूटर अपरेटर-१ समेत समावेश गरी दिन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस सिद्धार्थनगर नगरपालिका वडा नं. १ देखि १३ सम्मका सम्पूर्ण बिधुतपोलहरुमा ( सडक बत्ति) श्री आर्शिवाद पेन्टर्स प्रा.लि. नेपालगंज बाँकेले निशुल्क पोल नम्बरिङ्ग लेखिदिने सो बापत सोही स्थानमा आफ्नो कम्पनीको सामान्य खालको विज्ञापन निशुल्क राख्न दिने निर्णय गरियो ।

Scanned by CamScanner